# वार्षिक प्रतिवेदन




**२०७८ असार**

# सत्य निरुपण तथा मेलमिलाप आयोग

हाँडीगाउँ, काठमाडौं

# अध्यक्षको मन्तव्य

सशस्त्र द्वन्द्वको समयमा भएका गम्भीर मानव अधिकारको उल्लघंनका घटनाहरु र ती घटनाहरुमा संलग्न व्यक्तिहरुको सम्बन्धमा छानबिन र सत्यको अन्वेषण गरी पीडित व्यक्तिहरुलाई न्याय उपलव्ध गराउने र पीडकलाई कानूनबमोजिम कारबाही गरी समाजमा शान्ति र स्थायित्व कायम गर्ने उद्देश्यले अन्तर्राष्ट्रियस्तरमा संक्रमणकालीन न्यायसम्बन्धी मान्यता र सिद्धान्तहरु विकास भएका छन् । यही मान्यता र सिद्धान्तका आधारमा पीडितलाई न्याय प्रदान गर्न र द्वन्द्वका घाउलाई मह्लम पट्टी लगाउने ध्येयका साथ सशस्त्र द्वन्द्वका घटना भएका देशहरुमा संक्रमणकालीन न्याय सम्पादनका निम्ति कानूनी तथा संस्थागत व्यवस्थाहरु स्थापना गर्ने अभ्यास र प्रचलन विकास भएको सर्वविदितै छ ।

सशस्त्र द्वन्द्वको प्रभावबाट नेपाल र नेपाली समाज पनि अछुतो रहन सकेन । राजनीतिक, आर्थिक तथा सामाजिक मुद्दाहरुको सवाललाई लिएर २०५२ साल फाल्गुन १ गतेदेखि लगभग बाह्र वर्षसम्म नेपाल सशस्त्र द्वन्द्वको कठिन चरणबाट गुज्रको थियो । उक्त अवधिमा राज्य र विद्रोही दुवै पक्षबाट मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनाहरु भएको सबैलाई अवगत नै छ ।

मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनाहरुको सम्बन्धमा छानबिन र सत्यको खोजमार्फत पीडितलाई न्याय प्रदान गर्ने उद्देश्यले सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन भएको स्मरण गराउन चाहन्छु। निश्चय नै यो आयोगको गठनले संक्रमणकालीन न्यायको पर्खाइमा रहेका पीडितहरुमाझ आशाको किरण जगाएको छ र त्यो आशालाई भरोसामा परिणत गर्न आयोग दृढ संकल्पित छ ।

यो आयोगले ६३,७१८ थान उजुरीहरुका विषयमा छानबिन गरी निरुपण गर्नुपर्ने छ । यति ठूलो संख्यामा रहेका उजूरीहरु फछ्र्योट गर्ने कार्य हरेक दृष्टिकोणबाट चुनौतीपूर्ण छ । विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को संक्रमण र त्यसको रोकथामको लागि देशव्यापी रुपमा गरिएको बन्दाबन्दीलगायतका कारणले आयोगको कार्य प्रभावित भएकाले अपेक्षित नतिजा दिन नसकिएको प्रति आयोग सचेत छ । यी अप्ठ्यारा र असहजतामा सुधार भई तुलनात्मक रुपमा सहज वातावरणको सृजना हुनसक्यो र विद्यमान कानूनमा आवश्यक संशोधन गरी आयोगको संरचनात्मक सुधार गर्न सकियो भने आयोग आफ्नो दायित्व र जिम्मेवारी पूरा गर्न सक्षम हुनेमा म पूर्ण विश्वस्त छु ।

अन्त्यमा, आयोगको काम कामकारवाहीका सन्दर्भमा नेपाल सरकार र सम्बद्ध सबैबाट प्राप्त सहयोग र समन्वयका लागि आयोग र म स्वयंको तर्फबाट आभार व्यक्त गर्दछु । साथै आयोगमा प्राप्त उजूरीहरुको छानबिन, सत्यको खोज र पीडितलाई न्याय प्रदान गर्ने पूनित कार्यमा संलग्न आयोगका सदस्य, सचिवलगायत सम्पूर्ण कर्मचारीहरुप्रति आभार एवं धन्यवाद व्यक्त गर्दछु ।

गणेशदत्त भट्ट
अध्यक्ष

## विषयसूची


| विषयवस्तु | | पेज नं. |
|---|---|---|
| १. | सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन | १ |
| २. | आयोग गठनको उद्देश्य | १ |
| ३. | आयोगको काम, कर्तब्य र अधिकार | १ |
| ४. | आयोगको संगठन संरचना तथा जनशक्ति | २ |
| ५. | आधारभूत मान्यता तथा सिद्धान्त | २ |
| ६. | उजूरी छानबिनको अधिकार, विधि तथा प्रक्रिया | ३ |
| ७. | उजूरी संकलन, उजूरीको संख्या तथा प्रकृति | ३ |
| ८. | उजूरी छानबिन र कार्यक्रम सञ्चालनको अवस्था | ४ |
| ९. | कार्यविधि तथा निर्देशिकाहरु | ६ |
| १०. | समस्या तथा चुनौती | ६ |
| ११. | निष्कर्ष तथा सुझाव | ८ |

**अनुसूची**

## १. सत्य निरुपण तथा मेलमिलाप आयोगको गठनः

नेपालको आर्थिक सामाजिक तथा राजनीतिक व्यवस्थामा परिवर्तनको मागसहित नेपाल कम्युनिष्ट पार्टी माओवादीले २०५२ साल फाल्गुन १ गतेदेखि प्रारम्भ गरेको सशस्त्र द्वन्द्वलाई व्यवस्थापन गर्नका निम्ति नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी माओवादीबीच २०६३ मंसिर ५ गते विस्तृत शान्ति सम्झौता सम्पन्न भएको थियो । शान्ति सम्झौताको दफा. ५.२.५ मा सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवताको विरुद्धको अपराधमा संलग्नहरुको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन गरिने उल्लेख भएको थियो । यसरी राजनीतिक पृष्ठभूमिका आधारमा पनि उक्त द्वन्द्वको व्यवस्थापन गर्दै शान्ति कायम गर्न आयोगको गठन अनिवार्य र आवश्यक थियो ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ (ध) मा सशस्त्र द्वन्दको क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवताविरुद्धको अपराधमा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको बातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्ने उल्लेख भएको छ ।

माथि उल्लिखित राजनीतिक पृष्ठभूमि र नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ (ध) को कार्यान्वयनको लागि बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ३ बमोजिम यो आयोगको गठन भएको हो ।

## २. आयोग गठनको उद्देश्यः

(क) सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घनसम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण तथा छानबिन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउने

(ख) सशस्त्र द्वन्द्वका पीडक र पीडितबीच मेलमिलाप गराई पारस्परिक सद्भाव तथा सहिष्णुताको भावना अभिवृद्धि गर्दै दिगो शान्ति र मेलमिलापको वातावरण निर्माण गर्ने

(ग) सशस्त्र द्वन्द्वकालीन घटनाका पीडित व्यक्तिहरुलाई परिपूरणका निम्ति नेपाल सरकारसमक्ष सिफारिस गर्ने

(घ) सशस्त्र द्वन्द्वकालीन घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानूनी कारवाहीका लागि नेपाल सरकारसमक्ष सिफारिस गर्ने

## ३. आयोगको काम, कर्तव्य र अधिकारः

मिति २०५२ साल फागुन १ देखि २०६३ साल मंसिर ५ भित्र घटित मानव अधिकारको गम्भीर उल्लङ्घन र मानवताविरुद्धका अपराध सम्बन्धमा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ ले आयोगलाई देहायबमोजिम काम, कर्तव्य र अधिकार सुम्पिएको छः

(क) मानव अधिकारको गम्भीर उल्लङ्घनसम्बन्धी घटनाको छानबिन, सत्य अन्वेषण तथा अभिलेखन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउने,

(ख) पीडित तथा पीडकको यकिन गर्ने,

(ग) पीडक र पीडितबीच मेलमिलाप गराउन पहल गर्ने तथा मेलमिलाप गराउने,

(घ) पीडित वा निजको परिवारका सदस्यलाई उपलब्ध गराउनु पर्ने परिपूरणको सम्बन्धमा सिफारिस गर्ने,

(च) पीडितलाई परिचयपत्र उपलब्ध गराउने र छानबिनको आधारमा लिइएको निर्णयको जानकारी दिने,

(ङ) विस्तृत छानविनको काम सम्पन्न भइसकेपछि पीडकलाई कारबाहीको लागि सिफारिस गर्ने ।

## ४. आयोगको संगठन संरचना तथा जनशक्तिः

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ३ को व्यवस्थाअनुसार आयोग ५ सदस्यीय हुनेछ, जसमा एक जना अध्यक्ष र एक महिलासहित चार जना सदस्य नियुक्ति गरिएको छ । आयोगको प्रशासनिक र व्यवस्थापकीय कार्यको लागि १ जना सचिवसहित ९१ जना कर्मचारीहरुको दरवन्दी रहेको छ । आयोगको संगठन संरचना तथा कर्मचारीको दरवन्दीसम्बन्धी विस्तृत विवरण अनुसूची -१ मा दिइएको छ ।

## ५. आधारभूत मान्यता तथा सिद्धान्तः

समाजमा शान्ति स्थापना तथा संक्रमणकालीन न्याय स्थापनाका निम्ति यो आयोगको गठन भएकोले उजूरीको छानबिन, सत्यको अन्वेषण, मेलमिलापलगायतका कार्य गर्दा आयोगले देहायका मान्यता र सिद्धान्तलाई अनुशरण र अवलम्वन गर्नेछः

(क) खुला र पारदर्शीताः आयोगको कामकारबाही खुला र पारदर्शी सिद्धान्तको आधारमा सञ्चालन हुने ऐनमा नै सुनिश्चित गरिएको छ । सर्वसाधारणको जानकारीको लागि आयोगले समय समयमा आफ्ना काम कारवाहीलाई सार्वजनिक गर्नेछ ।

(ख) साक्षी तथा अन्य व्यक्तिको संरक्षणः आयोगमा बयान, वकपत्र वा जानकारी दिन उपस्थिति कुनै व्यक्ति, पीडित वा निजको परिवार तथा साक्षीको संरक्षण गर्ने सिद्धान्त अवलम्वन गर्नेछ । यो सिद्धान्तलाई ऐनमा समेत समावेश गरिएको छ ।

(ग) स्वतन्त्रता र निष्पक्षताः आयोगले स्वतन्त्र र निष्पक्ष रुपले आफ्नो काम सम्पादन गर्नेछ र आफ्नो काम गर्दा आयोगले कसैप्रति झुकाव, मोलाहिजा वा वदनियत राखी काम नगर्ने व्यवस्था सुनिश्चित गरिएको छ ।

(घ) सार्वजनिक सुनुवाईः मानव अधिकारको गम्भीर उल्लङ्घनसम्बन्धी विषयमा सत्य तथ्य पत्ता लगाउन आयोगले सार्वजनिक सुनुवाई आयोजना गर्नेछ । सार्वजनिक सुनुवाईले छानबिनको कार्यलाई थप पारदर्शी बनाउनेछ ।

(ङ) मेलमिलाप र सामाजिक सद्भावः आयोगले पीडित र पीडकबीच मेलमिलाप कायम गर्ने तथा सामाजिक सद्भाव कायम गर्ने सिद्धान्त अनुशरण गर्नेछ ।

(च) अग्राधिकारको व्यवस्थाः आयोगले बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका तथा यौनहिंसामा परेका व्यक्ति समावेश भएको उजूरीलाई अग्राधिकार दिई छानविनको कार्य अगाडि बढाउने छ ।

## ६. उजूरी छानबिनको अधिकार, विधि तथा प्रक्रियाः

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा १४ मा आयोगको छानबिनसम्बन्धी अधिकार सुनिश्चित गरिएको छ । आयोगले उजूरीहरुको छानबिन कार्य गर्दा प्रचलित कानूनबमोजिम अदालतलाई भएसरहको अधिकार प्रयोग गर्न सक्नेछ । उजूरी छानबिनको क्रममा आयोगले मूलतः देहायका अधिकारहरु प्रयोग गर्न सक्नेछः

(क) कुनै व्यक्तिलाई आयोगसमक्ष उपस्थित गराई जानकारी लिने वा वयान गराउने,

(ख) साक्षी बुझ्ने वा वकपत्र गराउने,

(ग) कुनै लिखत वा कागजात पेश गर्न आदेश दिने,

(घ) कुनै सरकारी वा सार्वजनिक कार्यालय वा अदालतबाट कुनै लिखत वा त्यसको नक्कल झिकाउने,

(ङ) प्रमाण बुझ्ने,

(च) स्थलगत निरीक्षण गर्ने वा गराउने,

(छ) दशी प्रमाण पेश गर्न आदेश दिने,

(ज) घटनास्थ मुचुल्का, सनाखत, खानतलासी गर्ने,

(झ) कुनै बस्तु वा लिखत कुनै व्यक्तिको साथमा वा कुनै खास स्थानमा रहेको सूचनाका आधारमा त्यस्तो व्यक्तिको खानतलासी लिई वा लिन लगाई त्यस्तो लिखत नक्कल वा प्रतिलिपि प्राप्त गर्ने,

(ञ) सार्वजनिक पद धारण गरेको व्यक्ति उपर यस ऐन बमोजिम छानबिन गर्नुपरेमा निजलाई बढीमा तीन महिनाको लागि निलम्बन गर्न सक्ने,

(ट) शव गाडिएको स्थानको उत्खनन् गरी बास्तविकता पत्ता लगाउन सक्ने ।

## ७. उजूरी संकलन, उजूरीको संख्या तथा प्रकृतिः

(क) उजूरी संकलन विधिः अघिल्लो आयोगले आमसञ्चारका विभिन्न माध्यममार्फत निश्चित समयसीमा तोकी लिखित उजूरी पेश गर्न पीडितहरुलाई सूचित गरेको थियो । आयोगले प्रथम पटक मिति २०७३ साल वैशाख ५ गते सूचना प्रकाशन गरी साठी दिनभित्र प्रत्येक जिल्लास्थित स्थानीय शान्ति समिति र आयोगको केन्द्रीय कार्यालयमा उजूरी पेश गर्न आह्वान गरेको थियो । उक्त साठी दिने म्यादमा पुनः तीस दिन थप गरिएको थियो। दोस्रो पटक मिति २०७४।०३।२५ गतेदेखि २०७४।०४।२४ गतेसम्म आयोगका प्रत्येक मुकाम कार्यालयमा समेत उजूरी पेश गर्न सूचित गरिएको थियो ।

(ख) उजूरीको संख्या तथा प्रकृतिः सशस्त्र द्वन्द्वकालमा घटित मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवताविरुद्धका घटनाहरुसँग सम्बन्धित विभिन्न प्रकृतिका गरी जम्मा ६३,७१८ थान उजूरीहरु आयोगमा दर्ता भएका छन् । प्राप्त भएका उजूरीहरुलाई घटनाको आधारमा वर्गिकरण गर्दा खासगरी व्यक्ति हत्या, अपहरण तथा शरीर बन्धक, अंगभंग तथा अपांग बनाउने, शारीरिक तथा मानसिक यातना, बलात्कार तथा यौनजन्य हिंसा, सम्पत्तिसम्बन्धी, विस्थापन रहेका छन् । प्रदेश तथा जिल्लागत उजूरीको संख्यासम्बन्धी विस्तृत विवरण अनुसूची-२ मा दिइएको छ ।

## ८. आयोगबाट सम्पादित कार्यः

आयोगबाट यस आ.व. ०७७/७८ मा सम्पादित भएका कार्यहरु एवं आयोगद्वारा संचालन गरिएका कार्यक्रमहरुलाई तपसिलमा उल्लेखित बुँदाहरुमा उल्लेख गरिएको छ ।

## ८.१ उजूरी छानबिनको अवस्थाः

आयोगमा दर्ता भएका ६३,७१८ उजूरीहरु मध्ये ३,७८७ थान उजूरीका सम्बन्धमा विभिन्न मुकाम कार्यालयबाट प्रारम्भिक छानबिन सम्पन्न गरी आयोग समक्ष प्राप्त भएका छन् । आयोगको मुकाम कार्यालय मार्फत प्रारम्भिक छानबिन सम्पन्न ३,७८७ थान उजूरीउपर प्रारम्भिक अनुसन्धान सम्पन्न भएको थियो ।

## ८.२ आयोगबाट हालसम्म भएका निर्णयको अवस्थाः

### (क) तामेलीसम्बन्धीः

आयोगमा दर्ता भएका उजुरीहरुमध्ये सशस्त्र द्वन्द्वकालको अवधिभन्दा बाहिरको घटना र सशस्त्र द्वन्द्वसँग असम्बन्धित घटनामध्ये ४९९ थान उजूरी निवेदनहरुलाई आयोगबाट तामेलीमा राख्ने निर्णय भई सम्बन्धित उजुरकर्तालाई जानकारी गराइएको छ ।

### (ख) परिपूरण सिफारिससम्बन्धीः

आयोगमा दर्ता भई प्रारम्भिक छानविनसमेत भएका उजूरीहरुमध्ये १०१ थान उजूरी निवेदनहरुमा आयोगबाट परिपूरणको लागि सिफारिश गर्ने निर्णय भई परिपूरणको लागि कानूनबमोजिम परिपूरणको फारम भर्ने कार्य सम्पन्न भएको छ ।

### (ग) बिस्तृत छानबिनसम्बन्धीः

आयोगका विभिन्न मुकाम कार्यालयहरुबाट प्रारम्भिक छानबिन भई आयोगसमक्ष प्राप्त हुन आएका उजूरीहरुको अध्ययन भई जम्मा १७३ थान उजूरी निवेदनहरुमा बिस्तृत छानबिन

गर्ने गरी आयोगबाट निर्णय भई आयोगका सदस्यहरुलाई अनुसन्धान अधिकारी तोकिएको छ ।

**(घ) पीडित परिचयपत्र वितरणः**

प्रारम्भिक छानबिनबाट आएका उजूरीहरुको अध्ययन गरी ८३ जना व्यक्तिलाई पीडित परिचयपत्र उपलब्ध गराइएको छ। आयोगबाट हालसम्म भएका निर्णयहरुको संख्या तालिका-२ मा दिइएको छ ।

तालिका-२

| प्रदेश | तामेली | परिपूरण | विस्तृत | जम्मा निर्णय |
|---|---|---|---|---|
| प्रदेश नं. १ | ३४ | १३ | २३ | ७० |
| प्रदेश नं. २ | ४२ | ८ | ३३ | ८३ |
| वागमती | ५८ | ६ | १४ | ७८ |
| गण्डकी | ७२ | ५३ | ६५ | १९० |
| लुम्बिनी | ११३ | १ | १७ | १३१ |
| कर्णाली | ६४ | ३ | १७ | ८४ |
| सुदूरपश्चिम | ११६ | १७ | ४ | १३७ |
| **कुल जम्मा** | **४९९** | **१०१** | **१७३** | **७७३** |

## ८.३ आयोगबाट संचालित कार्यक्रमहरुः

आयोगले २०७७/७८ मा सातै प्रदेशमा गरी १४ वटा कार्यक्रमहरु संचालन गरेको थियो । ती कार्यक्रमहरुमा पीडित परिचयपत्र वितरण, परिपूरण फारम संकलन, अन्तरक्रिया कार्यक्रम, सचेतना कार्यक्रम रहेका थिए ।

कार्यक्रममा सम्पूर्ण प्रकृतिका पीडितको प्रतिनिधित्व रहेको साथै स्थानीय मानवअधिकारकर्मी, महिला अधिकारकर्मी, नागरिक समाजका अगुवा, पत्रकारलगायतका अन्य सरोकारवाला व्यक्ति वा निकायका प्रतिनिधिको सहभागिता रहेको थियो । कार्यक्रमका अधिकांश सहभागीबाट पीडित परिचयपत्र वितरण गर्नुपर्ने, रोजगारीको व्यवस्था, बालबच्चाको लागि निःशुल्क उच्चशिक्षाको अवसरको प्रत्याभूति हुनुपर्ने, निःशुल्क स्वास्थ्योपचार, सीपमूलक तालिमको व्यवस्था, पीडितको सम्पत्तिमा पुग्न गएको हानी नोक्सानीको क्षतिपूर्ति दिनुपर्ने, द्वन्द्वपीडितको ईच्छा, आवश्यकता सम्वोधन हुने गरी उचित क्षतिपूर्ति/परिपूरण सिफारिश गर्नुपर्ने, जीविकोपार्जन सहज हुनेगरी आजीवन सामाजिक सुरक्षा भत्ता तथा निःशुल्क स्वास्थोचारको व्यवस्था हुनुपर्ने, पीडितको सम्मानमा स्मारक बनाउनुपर्नेजस्ता सुझाव प्राप्त भएका थिए ।

## ९. कार्यविधि तथा निर्देशिकाहरुः

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ र त्यसअन्तर्गत बनेको बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली आयोगको प्रमुख कानूनी उपकरण हुन् । उक्त ऐन र नियमले आयोगलाई संक्रमणकालीन न्याय सम्पादनसम्बन्धी अधिकार दिएको छ । ऐन र नियमले दिएको अधिकारअन्तर्गत रही आफ्नो कामकारवाहीलाई पारदर्शी, व्यवस्थित र प्रभावकारी बनाउन आयोगले आवश्यक कार्यविधि तथा निर्देशिकाहरु बनाई लागू गरेको छ । आयोगसँग सम्बन्धित ऐन, नियम, कार्यविधि, निर्देशिका तथा आचार संहिताको विस्तृत सूची अनुसूची-३ मा दिइएको छ ।

## १०. समस्या तथा चुनौतीः

आयोगमा प्राप्त भएका ६३,७१८ थान उजूरीसँग सम्बन्धित घटना तथा त्यसमा पीडित व्यक्तिहरुलाई संक्रमणकालीन न्याय प्रदान गर्ने कार्य आफैंमा जटिल र चुनौतीले भरिएको छ । द्वन्द्वको समयमा घटित घटनाहरुको छानबिन गर्दा एक वा दुई पक्षमा मात्र ध्यान दिएर पुग्दैन । उजूरीको छानबिन तथा सत्यको खोजबिनको क्रममा आयोगले विभिन्न प्रकारका समस्या तथा चुनौतीको समान गर्नुपरेको छ । समस्या तथा चुनौतीहरुलाई मूलतः नीतिगत र कानुनी, राजनीतिक, संस्थागत र व्यावहारिक गरी चार वटा क्षेत्रमा वर्गीकृत गरिएको छ ।

### १०.१ कानुनी तथा नीतिगतः

- सुमन अधिकारी वि. नेपाल सरकारसमेत भएको मुद्दामा सर्वोच्च अदालतबाट भएको फैसला बमोजिम ऐनको संशोधन र परिमार्जन नहुनु,
- संक्रमणकालीन न्यायको नवीनतम् अवधारणा (Reformative Transitional Justice) समावेश हुन नसक्नु तथा संक्रमणकालीन न्यायको मर्म र भावना प्रतिविम्वित हुने गरी ऐन संशोधन नहुनु,
- आयोगको सिफारिश कार्यान्वयनको लागि स्पष्ट कानूनी व्यवस्था र आधार तयार नहुनु,
- विशेषगरी पीडितहरुको माग र चाहनाअनुरुप परपूरणका सम्बन्धमा फराकिलो व्यवस्थासहित सम्वोधन हुननसक्नु ।

### १०.२ राजनीतिक समस्याः

- राजनीतिक समझदारी र सहयोगको अभावः सत्य निरुपण तथा मेलमिलाप लगायत शान्ति प्रक्रियाका सबै कार्य राजनीतिक सहमतिको आधारमा गरिने उल्लेख भएपनि यो कार्य प्रति राजनीतिक सहमति र समझदारीको अभाव रहनु,
- शान्ति प्रक्रिया र संक्रमणकालीन न्याय सम्पादनमा स्थानीय सहभागिता र स्वामित्वभावको अभाव र त्यसको लागि आवश्यक संयन्त्र विकास नहुनु,

- संक्रमणकालीन न्याय सम्पादनको संरचना प्रभावकारी हुन नसक्नु र यसलाई नियमित न्यायिक प्रणाली अन्तर्गत रहने गरी Overlapping Jurisdiction कायम हुने अवस्था तयार हुँदै जानु,
- राजनीतिक द्वन्द्वको भाष्य (Inclusive Narrative of Political Conflict) तयार नहुनु र त्यसले सिर्जना गरेका सकारात्मक तथा नकारात्मक पक्षको जानकारी संप्रेक्षणमा कमी देखिनु,
- द्वन्द्वपीडितहरुको राष्ट्रिय समस्या हो । द्वन्द्वपीडितहरु राज्यको जिम्मेवारी हुन् भन्ने मान्यतालाई आत्मसात गरी द्वन्द्वपीडितहरुसँगको सघन छलफल, सम्वादबाट देशले थेग्न सक्ने समाधानका उपायहरुको खोजीका लागि प्रमुख राजनीतिक शक्तिहरुको ध्यान जान नसक्नु ।

## १०.३ संगठनात्मक समस्याः

- आयोगको वर्तमान जनशक्ति र उपलव्ध स्रोत साधनले ६३,७१८ संख्यामा रहेका उजूरीलाई फछ्र्यौट गर्न लगभग कठिन हुनेछ,
- आयोगको वर्तमन संगठन संरचना कै आधारमा छानबिन गर्ने सोच राखिएमा त्यसले धेरै लामो समय लिनेछ,
- आयोगमा दक्ष जनशक्ति, बजेट तथा अन्य आवश्यक उपकरण र स्रोत साधनको अभाव हुनु ।

## १०.४ व्यवहारिक तथा कार्यान्वयनसम्बन्धी समस्याः

- सक्रमणकालीन न्याय तथा सत्य अन्वेषणको कार्यलाई शान्ति प्रक्रियाका अन्य कार्यसँगै कार्यान्वयनमा लैजान नसक्नु,
- आयोगको अनिश्चित र छोटो पदावधि कारण यो अवधिमा उजूरीको छानबिन गरी टुङ्गोमा पुग्न नसकिनु,
- संक्रमणकालीन न्यायको प्रभावकारिताप्रति राज्यका निकाय तथा संयन्त्रहरुले सहयोग नगर्नु, र आयोगले प्रभावकारीरुपमा कार्य प्रारम्भ गर्नुअघि नै न्यायालय समेतबाट शंकाको दृष्टिकोण राखिनु,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दुवै पक्षबाट आयोगलाई सकात्मक सहयोग र समन्वयन प्राप्त हुन नसक्नु र समग्र नतिजाको तस्वीर तयार नहुँदै सामान्य प्रकृयागत पक्षको आधारमा आयोगको प्रभावकारिता, विश्वसनियता र स्वीकार्यताको मूल्याङ्कन गरिनु,
- संक्रमणकालीन न्याय व्यवस्था र फौजदारी न्याय प्रणालीबीच सामञ्जस्यता कायम गर्दै सशस्त्र द्वन्द्वमा घटेका मानव अधिकारको गम्भीर उल्लङ्घनका घटना छानबिनको कार्य जटिल हुँदै जानु,
- ऐन, नियमावलीमा उल्लेखित विधि र प्रकृयाको अवलम्वन गरी उजुरीमाथि निर्णयमा पुग्नुपर्ने भएका कारण छोटो समयभित्र निर्णयमा पुग्न कठिन हुने अवस्था रहनु ।

## ११. निष्कर्ष तथा सुझावः

### ११.१ निष्कर्षः

पीडितलाई न्याय प्रदान गर्ने उद्देश्यले विकास गरिएको संक्रमणकालीन न्याय व्यवस्था र त्यसको कार्यान्वयनको लागि आयोगको एक्लो प्रयास मात्र पर्याप्त हुँदैन् । यसको लागि राज्यका तीनै तहका सरकार, अन्तर्राष्ट्रिय समुदाय, स्थानीय संघ संस्था, नागरिक समाज, आम सञ्चारलगायत सबैको सहयोग आवश्यक र अपरिहार्य रहन्छ । आयोगलाई सफल र प्रभावकारी बनाउन प्रमुख राजनीतिक दलको भूमिका सदैव निर्णायक रहन्छ। आयोगलाई प्रभावकारी र संस्थागत रुपमा सुदृढ गरी द्वन्द्वपीडितलाई सहज, सरल र उचित समयभित्र न्याय प्रदान गर्न मौजुदा कानूनको संशोधन, आयोगको संस्थागत सुदृढीकरण र सोही अनुरुप नीति र कार्ययोजनाको निर्माण भई कार्यान्वयनमा लैजानु जरुरी छ ।

### ११.२ सुझावहरुः

- कानून संशोधन र परिमार्जनः सुमन अधिकारीसमेत विरुद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको रिटमा सर्वोच्च अदालतबाट मिति २०७१।११।१४ मा भएको आदेश र द्वन्द्वपीडितहरुको इच्छा, चाहनाबमोजिम र आयोगको काम गर्दाको अध्ययन र अनुभवनको आधारमा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ संशोधन र परिमार्जन हुनु जरुरी भएको छ। आयोगको काम कारवाहीलाई प्रभावकारी रुपमा अगाडि बढाउन उजूरीको अनुसन्धानमा तिव्रता दिई पीडितलाई न्याय प्रदान गर्न बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन तथा नियमावलीमा संशोधन र परिमार्जन गरिनुपर्ने,
- आयोगको कार्यकाल थपः संक्रमणकालीन न्याय सम्पादनको कार्य जटिल प्रकृतिको भएको र आयोगमा प्राप्त उजूरीको छानबिनको लागि लामो समय लाग्ने भएकोले आयोगको कार्यकाल पनि सोही मुताबिक थप हुनुपर्ने,
- जनशक्ति व्यवस्थापनः द्वन्द्वको समयमा घटित मानव अधिकारको गम्भीर उल्लङ्घन र मानवताविरुद्धको अपराधको छानबिन गरी सत्य तथ्य पत्ता लगाउने कार्य ज्यादै चुनौतिपूर्ण भएको र त्यसको लागि विशेष अनुभव, दक्षता र सीप आवश्यकता पर्ने भएकाले कार्य प्रकृतिको आधारमा आयोगमा जनशक्ति व्यवस्था गरिनुपर्ने,
- राजनीतिक वातावरण निर्माणः रानजीतिक समझदारी र सहयोगात्मक वातावरणको निर्माण हुनुपर्ने,
- सहयोग र समन्वयनः द्वन्द्वकालीन घटनाको स्थायी समाधान गरी समाजमा दिगो शान्ति कायम गर्ने तथा पुनः द्वन्द्व सिर्जना नहुने वातावरण निर्माण आयोगको एक्लो प्रयासले मात्र संभव नहुने भएकाले नेपाल सरकार, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था, नागरिक समाजबाट आवश्यक सहयोग र समन्वय प्राप्त हुने वातावरण तयार हुनुपर्ने,
- प्रोत्साहन भत्ताको व्यवस्थाः सीमित जनशक्तिबाट ठूलो संख्यामा रहेका उजूरी छानबिनको कार्य गर्नुपर्ने र त्यसको लागि कार्यालय समय बाहेकको अतिरिक्त समय छानबिनको लागि

दिनुपर्ने हुन्छ। त्यसैले अतिरिक्त समय काम गर्नका लागि कर्मचारीलाई प्रोत्साहित गर्न निश्चित रकम अनुसन्धान भत्ता वा त्यस्तै केही शीर्षक अन्तर्गत अतिरिक्त भत्ता दिने व्यवस्था हुनुपर्ने,

- संगठन संरचना र साधन स्रोतः कार्यबोझको आधारमा आयोगको अस्थायी संगठन संरचना स्वीकृत गरिदिने र आयोगको लागि आवश्यक साधन, स्रोत (आवश्यक बजेट र उपकरण समेत) सुनिश्चित हुनुपर्ने ।

अनुसूची -१

क) कर्मचारी दरवन्दीः

| सि.नं. | पद | श्रेणी | सेवा | समूह/उपसमूह | स्वीकृत दरबन्दी | पूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सचिव | रा.प.विशिष्ट | | | १ | १ | ० | |
| २ | सहसचिव | रा.प.प्रथम | न्याय | कानून | १ | ० | १ | |
| ३ | सहन्यायाधिवक्ता | रा.प.प्रथम | न्याय | सरकारी वकिल | १ | १ | ० | |
| ४ | सहसचिव | रा.प.प्रथम | प्रशासन | सामान्य प्रशासन | १ | १ | ० | |
| ५ | उपसचिव | रा.प.द्वितीय | न्याय | कानून | ४ | ४ | ० | |
| ६ | उपन्यायाधिवक्ता | रा.प.द्वितीय | न्याय | सरकारी वकिल | ३ | २ | १ | |
| ७ | उपसचिव | रा.प.द्वितीय | प्रशासन | सामान्य प्रशासन | १ | १ | ० | |
| ८ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सामान्य प्रशासन | ११ | ८ | ३ | |
| ९ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | १ | ० | १ | |
| १० | शाखा अधिकृत | रा.प.तृतीय | न्याय | कानून | ५ | ० | ५ | |
| ११ | शाखा अधिकृत | रा.प.तृतीय | न्याय | सरकारी वकिल | ५ | १ | ४ | |
| १२ | सि.अ.हे.व | चौथो/पाँचौं/छैठौं | स्वास्थ्य | स्वास्थ्य | १ | १ | ० | |
| १३ | ना.सु. | रा.प.अनं. प्रथम | प्रशासन | सामान्य प्रशासन | ६ | ५ | १ | |
| १४ | लेखापाल | रा.प.अनं. प्रथम | प्रशासन | लेखा | १ | ० | १ | |
| १५ | ना.सु. | रा.प.अनं. प्रथम | न्याय | कानून | ४ | ० | ४ | |
| १६ | ना.सु. | रा.प.अनं. प्रथम | न्याय | सरकारी वकिल | ४ | ० | ४ | |
| १७ | क.अपरेटर | रा.प.अनं. प्रथम | विविध | - | ७ | २ | ५ | |
| १८ | फोटोग्राफर | रा.प.अनं. प्रथम | शिक्षा | शिक्षा | १ | ० | १ | |
| | पुस्तकालय सहायक | रा.प.अनं. प्रथम | शिक्षा | पुस्तकालय विज्ञान | १ | ० | १ | |
| | अ.न.मी. | ४/५/६ तह | स्वास्थ्य | स्वास्थ्य | १ | १ | ० | |
| १९ | स.क.अपरेटर | रा.प.अनं. द्वितीय | विविध | - | ३ | ३ | ० | करार |
| २१ | खरिदार | रा.प.अनं. द्वितीय | प्रशासन | सामान्य प्रशासन | ३ | २ | १ | |
| २२ | हलुका सवारी चालक | श्रेणीविहीन | इन्जिनियरिङ्ग | मे इ ज | ११ | ९ | २ | करार |
| २३ | कार्यालय सहयोगी | श्रेणीविहीन | प्रशासन | सामान्य प्रशासन | १४ | १३ | १ | करार |
| **जम्मा** | | | | | **९१** | **५५** | **३६** | |

ख) सत्य निरुपण तथा मेलमिलाप आयोगका पदाधिकारी तथा कर्मचारीहरुको विवरणः

| क सं | पद | नाम | श्रेणी/तह |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री गणेश दत्त भट्ट | |
| २ | सदस्य | श्री प्रचण्डराज प्रधान | |
| ३ | सदस्य | डा. गोविन्द गौतम | |
| ४ | सदस्य | श्री मन दाहाल | |
| ५ | सदस्य | श्री विष्णु पोखेल | |
| ६ | सचिब | तोयानाथ अधिकारी | विशिष्ट श्रेणी |
| ७ | सहन्यायाधिवक्ता | परमेश्वर पराजुली | रा.प.प्रथम श्रेणी |
| ८ | सहसचिव (प्रशासन) | स्किम श्रेष्ठ | रा.प.प्रथम श्रेणी |
| ९ | उपसचिव (कानून) | शरिता रायमाझी | रा.प.द्वितीय श्रेणी |
| १० | उपसचिव (कानून) | निधिराज न्यौपाने | रा.प.द्वितीय श्रेणी |
| ११ | उपसचिव (कानून) | ठाकुरप्रसाद आचार्य | रा.प.द्वितीय श्रेणी |
| १२ | उपसचिव (प्रशासन) | श्रीधर पन्थी | रा.प.द्वितीय श्रेणी |
| १३ | उपसचिव (कानून) | हरिकृष्ण के.सी. | रा.प.द्वितीय श्रेणी |
| १४ | उपन्यायाधिवक्ता | सुशिला ज्ञवाली | रा.प.द्वितीय श्रेणी |
| १५ | उपन्यायाधिवक्ता | पूर्णबहादुर थापामगर | रा.प.द्वितीय श्रेणी |
| १६ | शाखा अधिकृत (स.व.) | मुना भट्टराई | रा.प.तृतीय श्रेणी |
| १७ | शाखा अधिकृत | भगवती ज्ञवाली | रा.प.तृतीय श्रेणी |
| १८ | शाखा अधिकृत | निलकण्ठ विश्वकर्मा | रा.प.तृतीय श्रेणी |
| १९ | शाखा अधिकृत | शेरबहादुर वि.क. | रा.प.तृतीय श्रेणी |
| २० | शाखा अधिकृत | तुलबहादुर काउचा | रा.प.तृतीय श्रेणी |
| २१ | शाखा अधिकृत | गीता तिवारी | रा.प.तृतीय श्रेणी |
| २२ | शाखा अधिकृत | सुरज अर्याल | रा.प.तृतीय श्रेणी |
| २३ | शाखा अधिकृत | योगेश्वरी भट्टराई | रा.प.तृतीय श्रेणी |
| २४ | शाखा अधिकृत | प्रमिला खड्का | रा.प.तृतीय श्रेणी |
| २५ | सि.अ.हे.ब.अ. | नकुल बन्जारा | छैठौं तह |
| २६ | नायव सुव्वा | प्रकाश भट्टराई | रा.प.अनं. प्रथम श्रेणी |
| २७ | नायव सुव्वा | श्वेता धिताल | रा.प.अनं. प्रथम श्रेणी |
| २८ | नायव सुव्वा | महेश निरौला | रा.प.अनं. प्रथम श्रेणी |
| २९ | नायव सुव्वा | युनिल राई | रा.प.अनं. प्रथम श्रेणी |
| ३० | नायव सुव्वा | विष्णुबहादुर कार्की | रा.प.अनं. प्रथम श्रेणी |
| ३१ | सि.अ.न.मि | प्रमिला दाहाल | पाँचौं तह |
| ३२ | कम्प्यूटर अपरेटर | भुवन राज पाण्डेय | रा.प. अनं. प्रथम श्रेणी |
| ३३ | कम्प्यूटर अपरेटर | यकिन दाहाल | रा.प. अनं. प्रथम श्रेणी |
| ३४ | खरिदार | सुन्दर पन्थी | रा.प. अनं. द्वितीय श्रेणी |
| ३५ | खरिदार | अमृत ढकाल | रा.प. अनं. द्वितीय श्रेणी |

| करारमा कार्यरत | | | |
|---|---|---|---|
| १ | सहायक कम्प्युटर अपरेटर | गरिशा भट्टराई | रा.प. अनं. द्वितीय श्रेणी |
| २ | सहायक कम्प्युटर अपरेटर | प्रतिमा पोखरेल | रा.प. अनं. द्वितीय श्रेणी |
| ३ | सहायक कम्प्युटर अपरेटर | गान्धिरा प्रधान | रा.प. अनं. द्वितीय श्रेणी |
| ४ | हलुका सवारी चालक | दल बहादुर तामाङ | श्रेणीविहीन (करार) |
| ५ | हलुका सवारी चालक | राधाकृष्ण बिशुङ्के | श्रेणीविहीन (करार) |
| ६ | हलुका सवारी चालक | चन्द्र बहादुर थापा | श्रेणीविहीन (करार) |
| ७ | हलुका सवारी चालक | गोपाल खनाल | श्रेणीविहीन (करार) |
| ८ | हलुका सवारी चालक | ओमप्रसाद गौतम | श्रेणीविहीन (करार) |
| ९ | हलुका सवारी चालक | सुवर्ण श्रेष्ठ | श्रेणीविहीन (करार) |
| १० | हलुका सवारी चालक | बृखबहादुर धामी | श्रेणीविहीन (करार) |
| ११ | हलुका सवारी चालक | बिष्णुबहादुर भण्डारी | श्रेणीविहीन (करार) |
| १२ | हलुका सवारी चालक | राजेन्द्र अधिकारी | श्रेणीविहीन (करार) |
| १३ | कार्यालय सहयोगी | कमला बास्कोटा | श्रेणीविहीन (करार) |
| १४ | कार्यालय सहयोगी | गोविन्द मैनाली | श्रेणीविहीन (करार) |
| १५ | कार्यालय सहयोगी | रजनिश भण्डारी | श्रेणीविहीन (करार) |
| १६ | कार्यालय सहयोगी | सामना महत | श्रेणीविहीन (करार) |
| १७ | कार्यालय सहयोगी | सञ्जु भट्टराई | श्रेणीविहीन (करार) |
| १८ | कार्यालय सहयोगी | सुनिता तोलाङ्गे | श्रेणीविहीन (करार) |
| १९ | कार्यालय सहयोगी | नन्द कुमार राई | श्रेणीविहीन (करार) |
| २० | कार्यालय सहयोगी | शंकर बराम | श्रेणीविहीन (करार) |
| २१ | कार्यालय सहयोगी | बुद्धरत्न बुधाचार्य | श्रेणीविहीन (करार) |
| २२ | कार्यालय सहयोगी | शोभिता मैनाली | श्रेणीविहीन (करार) |
| २३ | कार्यालय सहयोगी | योगेश्वर डंगोल | श्रेणीविहीन (करार) |
| २४ | कार्यालय सहयोगी | शारदा दाहाल | श्रेणीविहीन (करार) |
| २५ | कार्यालय सहयोगी | श्याम कुमार तामाङ्ग | श्रेणीविहीन (करार) |

## अनुसूची -२

### प्रदेश तथा जिल्लागत उजूरीको संख्या

| प्रदेश र सो अन्तर्गतका जिल्ला | | जम्मा उजूरी संख्या | मुकाम पठाएको उजूरी संख्या | प्रारम्भिक छानबिन भएको उजूरी संख्या | पीडित परिचय पत्र वितरण |
|---|---|---|---|---|---|
| १ नं. प्रदेश | १. ताप्लेजुङ | ५१५ | ७५ | ५३ | २ |
| | २. पाँचथर | ४३१ | ८२ | ७६ | २ |
| | ३. इलाम | १२१४ | ९९ | १०५ | २ |
| | ४. संखुवासभा | २७६ | ९६ | ८ | |
| | ५. तेह्रथुम | २७१ | ७७ | ७७ | |
| | ६. धनकुटा | ३६५ | ७७ | ७७ | |
| | ७. भोजपुर | ५१० | ८१ | २९ | |
| | ८. खोटाङ्ग | ३२८ | ८७ | ८ | |
| | ९. सोलुखुम्बु | ५२५ | ९९ | ६५ | |
| | १०. उदयपुर | २९५ | ८१ | ८० | |
| | ११. ओखलढुङ्गा | ८७९ | ८३ | ५ | |
| | १२. झापा | ४६६ | ९१ | ८४ | २ |
| | १३. मोरङ्ग | ५६२ | ५४५ | २५९ | |
| | १४. सुनसरी | २१७ | ७८ | ७६ | |
| **जम्मा** | | **६८५४** | **१६५१** | **१००२** | **८** |
| २ नं. प्रदेश | १. सप्तरी | १८९ | १३८ | ७५ | १ |
| | २. सिराहा | ३९७ | १८० | १०३ | |
| | ३. धनुषा | ३७५ | ३७० | १०५ | १० |
| | ४. महोत्तरी | १२४ | ११५ | ४७ | |
| | ५. सर्लाही | ५३३ | १५७ | ९१ | १ |
| | ६. रौतहट | ३९४ | १३० | ४३ | |
| | ७. बारा | ४३० | १३४ | ३२ | |
| | ८. पर्सा | १८२२ | १३२ | ८ | २ |
| **जम्मा** | | **४२६४** | **१३५६** | **५०४** | **१४** |
| बागमती प्रदेश ३ | १. काठमाडौं | ४९७ | १७४ | ६७ | |
| | २. भक्तपुर | ६६ | ५७ | ३१ | |
| | ३. ललितपुर | १०८ | ९१ | ४७ | १ |
| | ४. सिन्धुपाल्चोक | ७७० | ९७ | १ | |
| | ५. काभ्रे | ५६८ | ११८ | ५३ | |
| | ६. नुवाकोट | ३०५ | ९२ | १८ | |
| | ७. रसुवा | ८९ | ७८ | १७ | |
| | ८. धादिङ्ग | ४०७ | १०४ | ४२ | ४ |
| | ९. चितवन | ८१८ | १११ | १ | |
| | १०. मकवानपुर | ३६५ | १०६ | १७ | |
| | ११. रामेछाप | ४१३ | ८५ | ३ | |
| | १२. सिन्धुली | ४६५ | १०८ | २१ | |
| | १३. दोलखा | ३४१ | १०१ | ६ | १ |
| **जम्मा** | | **५२१२** | **१३२२** | **३२४** | **६** |
| गण्डकी प्रदेश ४ | १. गोरखा | १२५८ | २१७ | ८३ | २ |
| | २. लमजुङ्ग | ६९२ | २२९ | ११८ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३. तनहुँ | ४३७ | २३३ | ९० | ९ |
| | ४. कास्की | ४३५ | २२६ | ८७ | ८ |
| | ५. मनाङ्ग | १ | १ | १ | |
| | ६. मुस्ताङ्ग | ४ | ४ | २ | |
| | ७. पर्वत | २५८ | २५५ | १०२ | २ |
| | ८. स्याङ्गजा | ३९३ | २४० | १३४ | १० |
| | ९. म्याग्दी | ५१६ | २३१ | ९४ | |
| | १०. बाग्लुङ्ग | ४०७ | २२२ | ८४ | |
| | ११. नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | २१५ | २०८ | ८९ | |
| **जम्मा** | | **४६१६** | **२०६६** | **८८४** | ३१ |
| लुम्बिनी प्रदेश ५ | १. नवलपरासी-५ | ३८३ | १३६ | ३७ | |
| | २. रुपन्देही | ४१७ | ९५ | ४९ | ६ |
| | ३. कपिलवस्तु | ४५९९ | १०९ | ३० | |
| | ४. पाल्पा | २९४ | ९१ | २८ | १ |
| | ५. अर्घाखाँची | ६३७ | १३५ | ४६ | |
| | ६. गुल्मी | ५११ | ९९ | २१ | |
| | ७. रुकुम-५ | ५८१ | २९० | १२ | |
| | ८. रोल्पा | ३०४२ | ११५ | ३७ | |
| | ९. प्यूठान | ७१६ | ९० | १५ | |
| | १०. दाङ्ग | १५३० | ४३३ | १०४ | ४ |
| | ११. बाँके | ९९७ | ११७ | ५३ | |
| | १२. बर्दिया | १७६७ | ८९ | ३३ | |
| **जम्मा** | | **१५४७४** | **१७९९** | **४६५** | ११ |
| कर्णाली प्रदेश ६ | १. सल्यान | ५५०२ | १०० | ६९ | |
| | २. डोल्पा | १०६ | ९८ | २६ | |
| | ३. जुम्ला | १०५१ | १०० | २३ | |
| | ४. मुगु | ३९८ | १०० | ७ | |
| | ५. हुम्ला | २२९ | १०० | ० | |
| | ६. कालिकोट | १७५० | १०० | ४६ | |
| | ७. जाजरकोट | १८१५ | १०० | ३२ | |
| | ८. दैलेख | १४३७ | ९९ | ७५ | |
| | ९. सुर्खेत | १५७१ | १०० | ७७ | ४ |
| | १०. रुकुम (पश्चिम भाग) | २३५० | १०३ | ३४ | |
| **जम्मा** | | **१६२०९** | **१०००** | **३८९** | ४ |
| सुदुर पश्चिम प्रदेश ७ | १. अछाम | ४२७१ | ११६ | ९ | |
| | २. कंचनपुर | १६९४ | ११३ | १३ | |
| | ३. कैलाली | १२१९ | १११ | १० | |
| | ४. डडेल्धुरा | ५६५ | ११२ | २९ | |
| | ५. डोटी | ६९६ | १११ | ५९ | |
| | ६. दार्चुला | ३३५ | १११ | १५ | |
| | ७. बाजुरा | १०५० | ११३ | ४६ | ९ |
| | ८. बझाङ्ग | ३७४ | १११ | २३ | |
| | ९. बैतडी | ८८५ | १११ | १५ | |
| **जम्मा** | | **११०८९** | **१००९** | **२१९** | ९ |
| | कुल जम्मा (१ देखि ७ नं. प्रदेश) | ६३७१८ | १०२०३ | ३७८७ | ८३ |

अनुसूची —३

<u>आयोगसँग सम्बन्धित कानूनहरुको सूची</u>

| क्र.स. | ऐन, नियम, नीति, आचारसंहिता, कार्यविधि तथा निर्देशिकाको विवरण |
|---|---|
| १. | बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ तथा सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ |
| २. | सत्य निरुपण तथा मेलमिलाप आयोगको बैठक संचालन कार्यविधि, २०७१ |
| ३. | सत्य निरुपण तथा मेलमिलाप आयोग आचार संहिता, २०७२ |
| ४. | सम्वाद, परामर्श तथा सञ्चार नीति, २०७२ |
| ५. | सत्य निरुपण तथा मेलमिलाप आयोगलाई पीडित, बालबालिका, बृद्ध, अपाङ्ग तथा महिलामैत्री बनाउने सम्बन्धी कार्यविधि, २०७२ |
| ६. | सत्य निरुपण तथा मेलमिलाप आयोगको उजूरी छानबिन कार्यविधि, २०७३ |
| ७. | आयोगलाई प्राप्त जानकारी वा अन्य उपयुक्त विषयमा छानबिन गर्ने निर्देशिका, २०७३ |
| ८. | सत्य निरुपण तथा मेलमिलाप आयोगको अवहेलनामा कारवाही गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि, २०७३ |
| ९. | सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्यमा सहयोग गर्नेलाई पुरस्कृत गर्ने तथा असहयोग गर्नेलाई कारवाही गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि, २०७३ |
| १०. | सार्वजनिक सुनुवाई सञ्चालन कार्यविधि, २०७३ |
| ११. | सत्य निरुपण तथा मेलमिलाप आयोग छानबिन निर्देशिका, २०७३ |
| १२. | विज्ञ तथा विशेषज्ञको नियुक्ति तथा काम, कर्तव्य, अधिकार र सेवा शर्त एवं सुविधा सम्बन्धी निर्देशिका, २०७६ |
| १३. | परिपूरण निर्देशिका, २०७७ |
| १४. | पीडित परिचयपत्र वितरण कार्यविधि, २०७७ |